नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
# बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र
श्रीमहल, ललितपुर

## मकै उत्पादन प्रवर्द्धन कार्यक्रममा सुचिकृत हुने सम्बन्धी सूचना

सुचना नं १

(प्रथम पटक प्रकाशित मिति : २०७६/०५/३१)

यस केन्द्रको आ.व. २०७६/०७७ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार **दानाको आयात प्रतिस्थापनका लागि मकै उत्पादन प्रवर्द्धन कार्यक्रम** सञ्चालनका लागी "**मकै उत्पादन प्रवर्द्धन कार्यक्रम सञ्चालन प्रकृया, २०७६**" बमोजिम देहाय अनुसारका जिल्ला तथा स्थानहरुमा संचालन हुने तपसिलमा उल्लेख भएका क्रियाकलापहरुमा आवद्ध हुन चाहने सोहि जिल्ला र स्थानका कृषक/कृषक समूह/सहकारी/निजी उद्यमी/फर्म/कम्पनी/उपभोक्ता समितिले आवद्ध हुन चाहने कार्यक्रम समेत खुलाई यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र सूचिकृत हुन यो सूचना प्रकाशित गरिएको छ । साथै, आवेदकहरुले आवेदन लगायत अन्य आवश्यक कागजात यस केन्द्र वा प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तरगतका जिल्ला स्थित परियोजना कार्यान्वयन इकाइहरुमा समेत पेश गर्न सकिने व्यहोरा जानकारी गराइन्छ ।

### तपसिल

**कार्यक्रम संचालन हुने जिल्ला तथा स्थानहरु** : बारा जीतपुर (सिमरा उ.म.न.पा) रौतहट (चन्द्रनीगाहपुर नगरपालिका, गुजरा नगरपालिका), सर्लाही (हरिवन नगरपालिका, लालबन्दी नगरपालिका, वागमती नगरपालिका, बरहथवा नगरपालिका) र सिन्धुली (दुधौली नगरपालिका, तीनपाटन गाउँपालिका)

| क्र. सं. | कार्यक्रमको किसिम | आवद्ध हुन चाहेको क्रियाकलापमा (✓) चिन्ह लगाउने | कैफियत |
|---|---|---|---|
| १ | बर्णशङ्कर मकैको क्षेत्र बिस्तार | | १. आवेदकहरुमध्ये व्यक्तिगत रुपमा कार्यक्रममा आवद्ध हुने कृषक/उद्यमीले कम्तिमा १ हेक्टर, समूह/सहकारी/उपभोक्ता समिति ले कम्तिमा ३० हेक्टर र प्राइभेट कम्पनीले कम्तिमा १० हेक्टर क्षेत्रफलमा बर्णशंकर मकैको खेती क्लष्टरमा गर्नु पर्ने |
| | हिउँदे | | |
| | बसन्ते | | |
| २ | यान्त्रिकीकरणका लागि कष्टम हायरिङ्ग स्थापना सहयोग कार्यक्रम | | संचालन प्रकृयाको दफा ७ र अनुसूची ६ सँग सम्बन्धित |
| ३ | हिउँदे र बसन्ते मकै खेतीका लागि सिंचाइ पूर्वाधार विकास कार्यक्रम | | संचालन प्रकृयाको दफा ८ सँग सम्बन्धित |
| ४ | मकै सुकाउन तथा भण्डारणका लागि पूर्वाधार सहयोग | | संचालन प्रकृयाको दफा ९ सँग सम्बन्धित |

**नोट** :

१. आवदेकले निवेदनसाथ समावेश गर्नु पर्ने कागजातहरुको विवरण बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रको वेभसाइट www.doacrop.gov.np वा कृषि विभागको वेभसाइट www.doanepal.gov.np मा हेर्न सकिने जानकारी गराइन्छ ।

२. एक भन्दा बढी कार्यक्रममा आवद्ध हुन चाहने आवेदकहरुले हरेक कार्यक्रमका लागि छुट्टाछुट्टै आवेदन दिनु पर्नेछ ।

**थप जानकारीको लागि सम्पर्क** :

बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र, श्रीमहल, ललितपुर, फोन नं.: ०१-५५२१५१,
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, प.का.इ., सिन्धुली, फोन नं.: ०४७-६९२०२७
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, प.का.इ., सर्लाही, फोन नं.: ०४६-६२०५०५
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, प.का.इ., रौतहट, फोन नं.: ०५५-५६५०७८
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, प.का.इ., बारा, फोन नं.: ०५३-५५००१७